Samaj Anweshan Vol. 3, No. 2 : 18 Oct.2025-13 Apr. 2026
DOI : https://doi.org/10.3126/anweshan.v3i2.87554
Research Article
ISSN: 3021-9035 Print

# बुद्ध जन्मस्थल लुम्बिनीको विकासमा स्थानीय समुदाय : सहभागिता र उपलब्धि

**युवराज कँडेल**
yrkandel@gmail.com


## लेखसार

गौतम बुद्धको जन्मस्थान लुम्बिनी नेपालको ऐतिहासिक, पुरातात्त्विक स्थल मात्र नभएर विश्वभरिका शान्तिप्रिय मानिस र बौद्ध मार्गीहरूको आस्थाको केन्द्रसमेत हो। लुम्बिनी बुद्धको महापरीनिर्वाणको केही समयपछि नै ओझेलमा पर्न थालेको थियो । लामो समयसम्म गुमनाम रहेको लुम्बिनी विश्वसामु उजागर भएको १३० वर्ष पुगेको छ। लुम्बिनीको स्थान यकिन भएपछि पनि लामो समयसम्म राज्यको ध्यान पुगेको थिएन। त्यस्तो अवस्थामा लुम्बिनीलाई जोगाउने र लुम्बिनी हेर्न आउने विदेशी अध्येता र भिक्षुहरूलाई सहजीकरण गर्ने काम लुम्बिनीका स्थानीय बासिन्दाहरूले गरेका थिए। सन् १९७० को दशकमा लुम्बिनीको विकासका लागि राज्यले अघि सारेको गुरुयोजना कार्यान्वयन गर्दै लुम्बिनीलाई विश्वकै उत्कृष्ट आध्यात्मिक र पर्यटकीय स्थल बनाउनका लागि स्थानीय बासिन्दाहरूले आफ्नो जग्गा दिएर सहयोग गरेका थिए। लुम्बिनीको उत्खनन, विकास, संरक्षण र प्रवर्धनमा स्थानीय बासिन्दाहरूको निरन्तर सहभागिता रहँदै आएको छ। लुम्बिनी विकास कोषअन्तर्गत रोजगारी, स्वरोजगारी र पर्यटन उद्यममा संलग्नताबाट स्थानीय बासिन्दा लुम्बिनीसँग जोडिएका छन् । लुम्बिनीलाई उत्कृष्ट आध्यात्मिक र पर्यटकीय स्थल बनाउनका लागि स्थानीय बासिन्दाको निरन्तर सहभागिता आवश्यक हुन्छ। तर कहिलेकाहीँ विभिन्न कारण लुम्बिनी विकास कोष, स्थानीय सरकार र लुम्बिनी क्षेत्रका बासिन्दाहरूबिचमा द्वन्द्वको अवस्थासमेत देखिने गरेको छ। मेरो यो अध्ययनमा लुम्बिनीका स्थानीय बासिन्दाहरू कसरी गौतम बुद्धको जन्मस्थल लुम्बिनीसँग जोडिएका छन् ? उनीहरूको सहभागिता कुनकुन क्षेत्रमा कसरी रहेको छ र बेलाबखतमा उत्पन्न हुने द्वन्द्वका कारण के हुन् भन्ने बारेमा केन्द्रित हुनेछ। यसबाट लुम्बिनीको विकासको लागि काम गरिरहेका निकायहरूलाई आफ्ना नीति र कार्यक्रम बनाउन र जनसहभागिता जुटाएर लुम्बिनीको विकास, संरक्षण र प्रवर्धन गर्न महत्त्वपूर्ण सूचना प्राप्त हुनेछ।



## शब्दकुञ्जी

उत्खनन, उपवन, असहमति, जनसहभागिता, पर्यटन


## विषय प्रवेश

भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनी विश्वभरका बौद्ध धर्मावलम्बीहरूको आस्थाको केन्द्र हो । यो स्थल नेपालकै प्रमुख धार्मिक, ऐतिहासिक स्थल र महत्त्वपूर्ण पर्यटकीय स्थलसमेत हो । इ.पू. ५६३ मा कपिलवस्तुका राजा शुद्धोदनकी रानी मायादेवी आफ्नो माइत देवदह जाने क्रममा यसै स्थानमा शाक्यमुनि बुद्धको जन्म भएको थियो। कोलिय र कपिल राज्यको बिचमा रहेको उपवनलाई दुवै राज्यका शासक र तिनका परिवार वन विहारका लागि आउने ठाउँ भएकाले सुन्दर बगैँचा अर्थात् उपवनका रूपमा विकसित र संरक्षित गरिएको थियो। तेलार नदी किनारमा घना सिमलका रूखहरूले ढाकिएको कपिलवस्तु–कोलिय राज्यको संयुक्त स्वामित्वमा रहेको र रङ्गीविरङ्गी फूलहरूद्वारा

सिँगारिएको यो उपवनको  नामकरणबारे भने एकरूपता पाइँदैन (गौतम, २०१७, पृ. १००)। विभिन्न विद्वान्हरूले यो स्थानलाई लुम्बिनी कनाना, लुम्बिनी बाटिका, लुम्बिनी उपवन, लुम्बिनी किट्टलवन, प्रदिमोक्षवन आदि नामले उल्लेख गरेको पाइन्छ।

महापरिनिर्वाण सुत्तका अनुसार महापरिनिर्वाण अघि बुद्धले भिक्षु आनन्दलाई हरेक बौद्धमार्गीले आफ्नो जीवनकालमा पुग्नुपर्ने चार स्थानहरूमा लुम्बिनी महत्त्वपूर्ण स्थान रहेको बताउनु भएको थियो। बुद्धको महापरिनिर्वाणपछि लुम्बिनीमा बुद्धका अनुयायीहरू आउन सुरु गरेका थिए। बुद्ध दर्शनबाट प्रभावित भएका सम्राट् अशोक ई. पू. २४९ मा लुम्बिनीको भ्रमणमा आएका थिए। उनले मायादेवी मन्दिर पुनर्निर्माण गर्न, अशोक स्तम्भ राख्न, पोखरीलगायत चैत्य र विहारहरू निर्माण, पुनर्निर्माण गर्न स्वर्ण मुद्राहरू अर्पण गर्ने र वरपरका गाउँ क्षेत्रमा कर मिनाहा आदि कार्य गरेको पनि उल्लेख भएको पाइन्छ (पाण्डे, १९८५, पृ.५१)। सम्राट् अशोकको समयसम्म आइपुग्दा लुम्बिनीमा थुप्रै विहार र चैत्यहरू निर्माण भइसकेका थिए (बस्नेत, २०८१, पृ. १३)। तर विभिन्न घटनाक्रमले गर्दा पाँचौँ शताब्दीसम्म आइपुग्दा लुम्बिनीको वैभवता गुमिसकेको कुरा पाँचौँ शताब्दीमा लुम्बिनी भ्रमणमा आएका चिनियाँ यात्री फाहियानको यात्रा वृत्तान्तमा भेटिन्छ (महर्जन, २००५, पृ.४२ )।

उत्तरी भारतमा बौद्धमार्गीहरू कमजोर हुँदै जाँदा लुम्बिनी लगायत अन्य बौद्धस्थलहरू भग्नावशेषमा परिणत भए र मानिसको स्मृतिबाट समेत हराउँदै गए। उन्नाइसौँ शताब्दीमा भारतमा बौद्ध स्थलहरूको खोजीले तीव्रता पायो। यसै क्रममा पाल्पाका तत्कालीन जनरल खड्ग समशेरले लुम्बिनीको खोजी गरेर अशोक स्तम्भ उत्खनन गराएका थिए। त्यही स्तम्भमा सम्राट् अशोकले लेखाएका कुराहरूको आधारमा फुहररले सन् १८९६ डिसेम्बर १ मा गौतम बुद्धको जन्मस्थल लुम्बिनी त्यही स्थानमा भएको थियो भन्ने पहिचान गरेका थिए। लुम्बिनीको पहिचान भएको ६५ वर्षसम्म लुम्बिनीको विकासमा राज्य स्तरबाट खासै काम नभए पनि सन् १९६० पछि राज्य र अन्तर्राष्ट्रिय जगत्बाट लुम्बिनीको उत्खनन, संरक्षण, विकास र प्रवर्द्धनको काम भइरहेको छ। सन् १९९७ मा लुम्बिनी युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत भएको छ। प्रो. कैंजो टाँगेले तयार गरेको गुरुयोजनाअनुसार लुम्बिनीको विकासका कामहरू भइरहेका छन्। अहिले लुम्बिनी नेपालकै प्रमुख पर्यटकीय गन्तव्य बनेको छ।

ऐतिहासिक तथ्यहरूले लुम्बिनी उपवनको निर्माण र व्यवस्थापन कोलिय र कपिल राज्यले गर्ने गरेको प्रस्ट हुन्छ। कोलिय र कपिल राज्यमा बौद्ध धर्म मान्नेहरू विस्थापित भएपछि लुम्बिनीको संरक्षणमा कमी आयो र भूसतहमा लुक्न पुग्यो। लामो समयपछि लुम्बिनीको पहिचान हुँदा स्थानीयहरूले गौतम बुद्धको जन्मस्थललाई वनदेवी, रुम्मिनदेवी, रुम्मिन्देइका रूपमा संरक्षण र पूजा गर्दै आएका थिए। उन्नाइसौँ शताब्दीको अन्त्यमा लुम्बिनीको पहिचान भएपछि यो स्थलको संरक्षण र विकासमा स्थानीय समुदायको प्रत्यक्ष संलग्नता रहँदै आएको देखिन्छ। पुरातात्त्विक स्थलको उत्खनन, लुम्बिनी गुरुयोजनाका काममा सहभागिता, लुम्बिनीमा पर्यटन उद्योगको सञ्चालन, पर्यटन प्रवर्धनजस्ता कामहरूमा स्थानीयहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिएका छन्। यसले लुम्बिनीलाई विश्वकै प्रमुख बौद्ध तीर्थस्थल र उत्कृष्ट पर्यटकीय स्थान बनाउन सहयोग पुगेको छ।

कुनै पनि सम्पदाको निर्माण, प्रचलन, संरक्षणमा समुदायले लामो समयदेखि अभ्यास गरिरहेको हुन्छ। ऐतिहासिक र पुरातात्त्विक सम्पदाहरूको इतिहाससँग राष्ट्रको अतीत जोडिएको हुने र यस्ता सम्पदाहरू एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुने र तिनमा जनताको भावनात्मक सम्बन्ध पनि गाँसिएको हुन्छ ( ने.का.प., २०७९)। ऐतिहासिक सम्पदाको संरक्षणमा समुदायको सहभागिताले धेरै महत्त्वपूर्ण भूमिका खेल्छ। ऐतिहासिक सम्पदाको संरक्षण गर्ने प्रयासमा सक्रिय समुदायको संलग्नताले सांस्कृतिक र ऐतिहासिक मूल्यहरूको बुझाइ, प्रशंसा र संरक्षण बढाउन सक्छ। सम्पदाको मर्मत सम्भार र संरक्षण, सङ्कलन र दस्तावेजीकरण, र ऐतिहासिक सम्पदाको संरक्षणको महत्त्वको बारेमा शिक्षा र जागरूकताजस्ता गतिविधिहरूमा सहभागिताद्वारा ऐतिहासिक सम्पदाको

संरक्षणमा धेरै समुदायको सहभागिता भइरहेको हुन्छ (Kadijah et.al, 2024, pp.1-22)। विश्वकै प्रमुख बौद्ध सम्पदा स्थल लुम्बिनीलाई वर्तमान अवस्थासम्म आइपुग्दा समुदायले धेरै किसिमबाट सहयोग गरिरहेको छ। लुम्बिनी विकसित हुँदै जाँदा लुम्बिनीका स्थानीय बासिन्दाले मात्र नभएर बृहत्तर लुम्बिनी क्षेत्रका समुदायले समेत लाभ प्राप्त गरिरहेका छन्। तर लुम्बिनीसँग स्थानीय कसरी जोडिएका छन् ? उनीहरूले कुनकुन क्षेत्रबाट लुम्बिनीको विकास र प्रवर्धनमा सहयोग गरिरहेका छन् र उनीहरूका समस्याहरू के छन् भन्ने बारेमा निकै कम मात्र अध्ययन अनुसन्धानहरू भएका छन्। यस लेखले उल्लेखित कुराहरूलाई समस्याको रूपमा लिएर लुम्बिनी विकासमा स्थानीय समुदायको सहभागिता, पर्यटन विकास र लुम्बिनी विकास कोषसँग स्थानीय समुदायको सहभागिताका बारेमा खोजी तथा विश्लेषण गरेको छ।

लुम्बिनीको विकास प्रक्रियामा स्थानीय बासिन्दा र बृहत्तर लुम्बिनी क्षेत्रका समुदाय कसरी जोडिएका छन् र उनीहरूको संलग्नताको प्रकृति के कस्तो छ ? स्थानीय समुदायले लुम्बिनीको विकास र प्रवर्द्धनमा कुनकुन क्षेत्र (जस्तैः सांस्कृतिक संरक्षण, पर्यटन, सरसफाइ, सुरक्षा आदि) मार्फत सहयोग गरिरहेका छन् भन्ने कुरा पहिचान गरेर विश्लेषण गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ। यस अध्ययनको उद्देश्य लुम्बिनीको विकास र प्रवर्द्धनमा सक्रिय रहँदा स्थानीय समुदायले पाएका लाभ, भोगिरहेका समस्या, चुनौती र अपेक्षाहरू यथार्थपरक रूपमा उजागर गर्ने रहेको छ।

## *अध्ययनविधि*

यो अध्ययन गौतम बुद्धको जन्म भएको स्थान लुम्बिनी अवस्थित रुपन्देही जिल्लाको लुम्बिनी सांस्कृतिक नगर पालिकामा केन्द्रित रहेर गरिएको हो। प्राथमिक र द्वितीय दुवै स्रोतहरूबाट तथ्याङ्क सङ्कलन गरेर त्यसैका आधारमा यस अध्ययन गरिएको छ। प्राथमिक स्रोतको रूपमा स्थलगत रूपमा गएर स्थानीय बासिन्दा, जनप्रतिनिधि, पर्यटन व्यवसायीसँग प्रत्यक्ष कुराकानी गर्ने र अवलोकन गर्ने काम गरिएको छ। द्वितीय स्रोतको रूपमा लुम्बिनीको बारेमा प्रकाशित ऐतिहासिक सामग्री, उत्खनन प्रतिवेदन, सम्मेलनका घोषणापत्र, नेपाल सरकारका आधिकारिक दस्ताबेज, लुम्बिनी विकास कोषले प्रकाशन गरेका सामाग्रीहरू र सरकारी नीति तथा कार्यक्रमहरूलाई यस अनुसन्धानमा अध्ययन गरेर लेखको आधार बनाइएको छ। यस अनुसन्धानमा प्राप्त तथ्य विवरणहरू तथा सूचनाहरूको विश्लेषणात्मक विधिबाट विश्लेषण गरेर यो लेख तयार गरिएको छ।

## *नतिजा र विश्लेषण*

### *लुम्बिनी उपवनमा स्थानीय*

कोलिय र कपिल राज्यको सिमानामा सुन्दर उपवन बनाइएको कुरा सम्पूर्ण ऐतिहासिक तथ्यहरूले प्रकाश पार्छन्। कपिलवस्तु, देवदहका राजपरिवारका सदस्यहरूदेखि यात्रा गर्ने नागरिक यात्रीहरूसम्मले विश्राम लिने स्थल भएकाले पुष्करिणी तलाउ, विश्राम गृहसहितको लुम्बिनी बगैँचालाई विभिन्न प्रकारका फलफूलका रुखहरू, छायादार रुख र औषधीय प्रयोजनका लागि रोपिएका रुखबिरुवाले सुसज्जित पारिएको थियो (विडारी, १९९६, पृ. ११–२४)।

लुम्बिनीको संरक्षण र विकासमा दुवै राज्यले सहकार्य गरेको हुनाले स्थानीय बासिन्दाहरू स्वाभाविक रूपमा लुम्बिनीसँग जोडिएका थिए। जसरी शाक्यहरू पर्वको बेलामा कोलिय राज्यको देवदहमा नुहाउन जान्थे, त्यसरी नै कोलियहरू पनि लुम्बिनी उद्यानमा शयर गर्न आउने गर्थे (महर्जन,२००५, पृ. ३३)। बुद्धत्व प्राप्त भएपछि बुद्ध देवदह जाँदा लुम्बिनीमा रात बिताएको भन्ने पाइएकाले यसको वरिपरि मानव बस्ती भएको सङ्केत गर्दछ। यो स्थान मौर्य साम्राज्यअन्तर्गत रहेको थियो ( लन्डन, १९२८, पृ.३)। सम्भवतः यही स्थानले मौर्यकलामा गाउँको रूप लिएकाले अशोक स्तम्भमा 'लुमिनी' शब्द उल्लेख भएको हुनुपर्छ ( महर्जन)। सन १९६४ मा एस. बि. देवले लुम्बिनी नजिकै बञ्जराही भन्ने स्थानमा गरेको एक उत्खननमा मानव बसोबास रहेको अवशेष भेटाएका थिए र उनले ती संरचनाहरू ७०० देखि ६०० इशापूर्वका भएको अनुमान गरेका छन् ( गिरी,२००८, पृ.४४)।

गौतम बुद्धको महापरिनिर्वाण (ईपू ४८३) भन्दा डेढ–दुई वर्षअघि कोसल नरेश विरुढकले शाक्यहरू विरुद्ध आक्रमण गरेका थिए ( महर्जन, २०७८)। कोसल नरेश बिरुढकको बारम्बारको आक्रमणपछि शाक्यहरू ज्यान जोगाउनको लागि विभिन्न स्थानमा गएपछि यो क्षेत्र बिस्तारै भग्नावशेषमा परिणत हुन पुग्यो। तर गौतम बुद्धको महापरिनिर्वाणपछि पनि लुम्बिनी तीर्थयात्रीको प्रमुख गन्तव्य रहेको थियो (फुहरर,१९७२, पृ. ३०–३३)।

## *लुम्बिनी उत्खननपूर्व*

बुद्धको महापरिनिर्वाणपछि लुम्बिनीको अवस्था कस्तो रह्यो र स्थानीय बासिन्दाहरूको सहभागिता कस्तो रह्यो भन्ने बारेमा धेरै प्रमाणहरू फेला पर्दैनन्। मौर्य सम्राट् अशोक ईपू २४९ तिर लुम्बिनी आएको र त्यति बेला त्यहाँ गाउँ रहेको वर्णन छ। यसको अर्थ बुद्ध जन्मेका बेला बगैँचा रहेको उक्त ठाउँ अशोक आउँदा गाउँ बनिसकेको सङ्केत गर्छ। लुम्बिनी दर्शनमा आएका सम्राट् अशोकले लुम्बिनीका गाउँको कर माफ गरिदिएका थिए ( शर्मा, २०२२, पृ. ६७)। यसबाट इसाको तेस्रो शताब्दीमा आइपुग्दा नै लुम्बिनी बगैँचा बस्तीमा परिणत भइसकेको प्रस्ट हुन्छ। यस तथ्यलाई नेपाल सरकारले सन् १९७०–७१ मा लुम्बिनीमा गरेको उत्खननले पनि देखाएका छन् (Rijal, 1978, p. 29)। त्यसपछिको इतिहासमा भने लुम्बिनीमा बासिन्दाहरूको अवस्थाको बारेमा ली–ताओ–युग, सेङ साई, बाइ यु–चिन, फाहियान, ह्वेनसाङ, इचिङ जस्ता चिनियाँ यात्री र भिक्षु नरेन्द्र यशलगायत प्राचीन व्यक्तिहरूले पनि लुम्बिनी र त्यहाँका शासकबारे लेखेका छैनन्। बरु त्यहाँका प्राचीन स्मारकहरू भग्न र सुनसान अवस्थामा रहेको वर्णन उनीहरूले गरेका छन् ( महर्जन,२००५, पृ.४२)।

## *उत्खनन र पहिचानमा साथ*

पाँचौँ शताब्दीतिर नै लुम्बिनी भग्नावशेषमा परिणत भइसकेका तथ्यहरू फेला परे पनि त्यसयता कहिले लुम्बिनीमा मानव बसोबास सुरु भयो भन्ने तथ्यहरू फेला पर्दैनन्। उन्नाईसौँ शताब्दीको अन्त्यसम्म पनि लुम्बिनी कहाँ पर्छ भन्ने बारेमा कसैलाई जानकारी थिएन। तर उन्नाईसौँ शताब्दीको अन्त्यमा हाल लुम्बिनी रहेको स्थानमा थुप्रै गाउँहरू रहेका थिए। त्यही गाउँको नजिक रहेको ढिस्कोमा प्राचीन मायादेवीको मूर्तिलाई रुम्मिनदेही नाममा स्थानीय बासिन्दाहरूले पूजा गरिरहेका थिए ( गौतम,२०१७, पृ. ११९)। भारतमा काठ बेच्नका लागि जङ्गल कटानी गरिरहेको अवस्थामा स्थानीय मानिस तथा कामदारहरूले जङ्गलमा रुम्मिनदेहीको स्तम्भ देखेपछि पाल्पामा रहेका कमान्डर इन चिफ खड्ग शमशेरलाई खबर गरेका थिए। खड्ग समशेरले स्थानीय बासिन्दाको सहयोगमा स्तम्भ वरिपरिको माटो हटाएपछि आएका फुहररले त्यो स्तम्भमा ब्राह्मी लिपिमा लेखिएको कुराको अर्थ लगाएपछि यस स्थान नै लुम्बिनी भएको रहस्य उजागर भएको थियो। फुहररले अशोक स्तम्भको उत्खनन हुनुभन्दा ४ वर्षअघि त्यस स्थानमा मन्दिर बनाएर एक जना सन्न्यासीले पूजाआजा गर्दै आएको बताउँछन् (फुहरर, १९७२ , पृ. २८, मिश्र, २००४, पृ.१२)। यी विवरणहरूको आधारमा हेर्दा लुम्बिनीका बारेमा जानकारी नभए पनि स्थानीय बासिन्दाहरूले त्यस स्थानलाई महत्त्व दिएर आफ्नो आस्थाअनुसार लुम्बिनीको संरक्षणमा सघाइरहेको देखिन्छ। स्थानीय बासिन्दाहरूको सूचना र उत्खननमा सहयोगले गर्दा नै अशोक स्तम्भको खोजी र उत्खनन सम्भव भएको हो।

## *लुम्बिनीको पहिचान पछिको सहभागिता*

सन् १८९६ मा लुम्बिनीको पहिचान भएपछि राज्य स्तरबाट लुम्बिनीको संरक्षण र विकासका लागि खासै पहल भएको देखिँदैन। लुम्बिनी पहिचान भएपछि लुम्बिनीमा विभिन्न स्थानबाट भक्तजन आउन थालेका थिए। ती भक्तजनलाई बस्ने तथा खाने व्यवस्था खुनगाइँका चौधरी र स्थानीय बासिन्दाहरूले गर्दथे (सांस्कृत्यायन, १९४९, पृ. १८२)। लुम्बिनीको पहिचान भएपछि सरकारी स्तरबाट धर्मशाला निर्माण गरिएको भए पनि लुम्बिनी दर्शन गर्न आउने दर्शनार्थीलाई खानपिन तथा बसाइको व्यवस्था स्थानीय बासिन्दाहरूले नै गर्दै आएका थिए ( भिक्षु, १९५३, पृ. २४१)। सन् १९५० को दशकसम्म लुम्बिनी क्षेत्रको वन मासिएर स्थानीयहरूले बस्ती निर्माण गरिसकेका थिए। तर पनि अशोक स्तम्भ रहेको स्थानमा मायादेवी मन्दिर,

पुष्करिणी पोखरीलगायतका संरचनाहरूको संरक्षण भने स्थानीय जमिनदारको अगुवाइमा स्थानीय बासिन्दाहरूले गरेका थिए ।

## *लुम्बिनी गुरुयोजनाको लागि सहयोग*

संयुक्त राष्ट्रसङ्घका तेस्रो महासचिव ऊ थान्तले सन् १९६७ मा लुम्बिनी भ्रमण गरेपछि लुम्बिनी विकासमा नयाँ युगको सुरुवात भयो । उनको पहलमा लुम्बिनीको विकासका लागि अन्तर्राष्ट्रिय सहयोग जुटाउन संयुक्त राष्ट्रसङ्घमा लुम्बिनी अन्तर्राष्ट्रिय विकास समिति गठन भयो । यो समितिले लुम्बिनीको विस्तृत गुरुयोजना तयार गर्नका लागि जापानका प्रसिद्ध वास्तुविद् प्रो. कैंजो टाँगेलाई सल्लाहकार नियुक्त गऱ्यो । उनले सन् १९७२ देखि १९७८ सम्मको अवधि लगाएर लुम्बिनीलाई तीन वर्गमिलको तीन खण्डमा विभाजन गरेर विकास गर्ने गुरुयोजना तयार गरे । यो गुरुयोजनाको खाका आउनुअघि नै नेपाल सरकारले लुम्बिनी विकास परियोजना घोषणा गरेर यो परियोजना लागु हुने स्थानमा रहेका सात गाउँको जग्गा अधिग्रहण गर्ने प्रक्रिया सुरु गरेको थियो । सुरुमा २०३० साल चैत्र १९ गते नेपाल राजपत्रमा सूचना प्रकाशन गरेर अशोक स्तम्भ वरिपरिको एक वर्ग माइलमा रहेका गाउँहरूको ३८५ बिगाहा ७ कट्टा ५ धुर जग्गा अधिग्रहण गरिएको थियो ( नेपाल राजपत्र खण्ड २३. सङ्ख्या ५०, २०३० चैत्र १९) । तत्कालीन महासचिव ऊ थान्तले राष्ट्रसङ्घमै लुम्बिनी विकास समिति बनाएको चार वर्षपछि २०३१ सालमा नेपालमा लुम्बिनी विकास समिति बन्यो । उक्त समितिले प्रो. टाँगेको गुरुयोजना कार्यान्वयन गर्न ७७७ हेक्टर (११४७.२६४ बिघा) जग्गा अधिग्रहण गरेर ६ लाख बिरुवा पनि रोप्यो । लुम्बिनी गुरुयोजनाको लागि स्थानीयका २९७ घरधुरी र ६६२६ कित्ता जग्गा अधिग्रहण गरिएको थियो ( बस्नेत, २०८१, पृ. ३२–३३) । जग्गा अधिग्रहण गर्दा निकै कम मुआब्जा दिएकोले स्थानीय बासिन्दाहरू असन्तुष्ट भए पनि उनीहरूले सजिलैसँग आफ्नो घरजग्गा खाली गरेर लुम्बिनीको विकासको लागि सघाएका थिए । स्थानीयहरूको यो योगदान लुम्बिनीको विकासका लागि महत्त्वपूर्ण रहेको छ ।

## *सांस्कृतिक सहभागिता*

लुम्बिनीलाई स्थानीय बासिन्दाहरूले समय माईका रूपमा पुज्दै आएको पाइन्छ । समय माईलाई रुमिनदेवी भन्ने गरिन्थ्यो । केही वर्ष अघिसम्म हालको मायादेवी मन्दिर परिसरमै स्थानीय हिन्दुहरूले समय माईको पूजा गर्ने गर्दथे । यहाँ चैत्र पूर्णिमामा ठुलो मेला लाग्ने गरेको थियो । अहिले लुम्बिनी विकास कोषले मायादेवी मन्दिर परिसरमा समय माई पूजा गर्न र मेला लगाउन रोक लगाएपछि त्यहाँभन्दा बाहिरको बगैँचामा चैत्र पूर्णिमामा मेला लाग्छ । लुम्बिनीका स्थानीय बासिन्दाहरूले लुम्बिनीमा आएर कपाल मुन्डन गर्ने संस्कार अहिले पनि छ । यसलाई उनीहरू 'छ्योवर' वा मुण्डन भन्छन् । बच्चाको पहिलो पल्ट गरेको मुण्डनको केश पहिला अशोक स्तम्भमा चढाउँथे भने हाल त्यसो गर्नमा लुम्बिनी विकास कोषले रोक लगाएको छ । लुम्बिनीमा कपाल चढाइसकेपछि यिनीहरू कराहीमा पकवान पकाएर मन्दिरमा चढाउने र आफूहरू पनि खाएर जाने परम्परा पाइन्छ । यिनीहरू यसलाई 'कराइ चढाना' भन्छन् । अहिले पनि लुम्बिनीमा 'कराई चढाउन' का लागि यिनीहरू यहाँ आउने परम्परा हराएको छैन (महर्जन, २००५, पृ. १०१–१०२) ।

## *लुम्बिनीबाट स्थानीयले प्राप्त गरेको लाभ*

लुम्बिनी विकास समिति गठन हुनुभन्दा अघिसम्म लुम्बिनीका स्थानीय बासिन्दाहरूले लाभ प्राप्त गरेका थिएनन् र लुम्बिनीको महत्त्व र जानकारीको कमीले गर्दा लुम्बिनीबाट लाभ लिन पाइने कुरामा सचेतसमेत थिएनन् । लुम्बिनीमा विभिन्न कार्यक्रम र परियोजना–कार्यहरू सुरु गरेपछि उनीहरूले गुरुयोजनाका साथै आफ्नो गाउँहरूमा परियोजना–कार्यहरूमा रोजगारी पाउने मौका पाए । आधुनिकीकरणका प्रभाव लुम्बिनीको केन्द्रीय भागमा मात्र नभएर लुम्बिनी परिसरको बाहिरी भागमा अवस्थित गाउँका मानिसहरूको जीवनशैलीमा पनि महसुस गरिएको छ । गुरुयोजना, संयुक्त राष्ट्रसङ्घ, दातृ निकायहरूको सहयोग, गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित विभिन्न गतिविधिले लुम्बिनी क्षेत्रमा परिवर्तन र आधुनिकीकरणमा योगदान पुऱ्याएका छन् (Giri, 2005, p. 187) ।

लुम्बिनी विकासको गुरुयोजना सुरु गर्दा केही स्थानीयहरू आफ्नो थातथलोबाट विस्थापित भए पनि अहिले लुम्बिनीबासीले लुम्बिनीबाट धेरै लाभ हासिल गरिरहेका छन् । गुरुयोजना कार्यान्वयनमा आएपछि स्थानीयलाई फाइदाहरू भएका छन् (बस्नेत, २०८१, पृ. ३४)। लुम्बिनी विकास कोष स्थापना भएपछि कोषमा स्थानीय बासिन्दाले रोजगारी पाएका छन्। कोषका अनुसार कोषमा कार्यरत कुल कर्मचारीहरूमध्ये ७०% भन्दा धेरै स्थानीय समुदायबाटै रहेका छन्। लुम्बिनी वरिपरि सडक, खानेपानी, सञ्चार, स्वास्थ्य संस्था, विद्यालय, कलेज निर्माण भएका छन्, जसबाट स्थानीयले प्रत्यक्ष लाभ लिने अवसर पाएका छन्। लुम्बिनी विकास कोष र गुरुयोजनाका काममा मात्र नभएर लुम्बिनीमा खुलेका बैङ्क तथा वित्तीय संस्था, सामाजिक संस्था, होटेल र पर्यटनजस्ता काममा स्थानीय समुदायले रोजगारी पाएको छ । पूजा सामग्री र उपहार सामग्री बिक्री, कृषि उत्पादन बिक्री , घुम्ती व्यापारजस्ता कामबाट स्थानीयले स्वरोजगारीका अवसर प्राप्त गरिरहेका छन्।

लुम्बिनी बौद्ध विश्वविद्यालयको स्थापना यस क्षेत्रका बासिन्दाहरूको लागि ठुलो उपलब्धि हो । उच्च शिक्षा प्रदान गर्ने संस्थाको अभाव भएको ठाउँमा केन्द्रीय विश्वविद्यालय स्थापनाबाट यो क्षेत्रका विद्यार्थीहरूले विश्वस्तरीय शिक्षा हासिल गर्ने अवसर पाएका छन्। विश्वविद्यालयमा अध्ययन गर्न आउने विदेशी विद्यार्थी र प्राध्यापकबाट स्थानीय बासिन्दाहरू घुलमिल भएर विश्वलाई चियाउन र प्रतिस्पर्धी क्षमता हासिल गर्न सक्ने भएका छन् । विश्वविद्यालयले स्थानीय रोजगारीसमेत सृजना गरेको छ। विश्वविद्यालयले आयोजना गर्ने विभिन्न कार्यक्रममा प्रत्यक्ष सहभागी भएर स्थानीय बासिन्दाहरूले सिक्ने अवसर पाएका छन् । पछिल्लो समयमा विश्वविद्यालयले स्थानीय समुदायमा बौद्ध शिक्षाको प्रवर्धन गर्ने कार्यक्रम अघि सारेको छ; यसबाट समुदायले आध्यात्मिक, शैक्षिक र पर्यटकीय लाभ लिन सक्नेछ।

## *लुम्बिनी पर्यटन प्रवर्द्धनमा स्थानीय*

कुनै पनि स्थानको पर्यटन विकास र पर्यटन प्रवर्धनमा स्थानीय सहभागिता अपरिहार्य मानिन्छ। स्थानीय बासिन्दाहरूको जीवनशैली, सम्पदा संरक्षणमा सहभागिता र मूल्यमान्यताहरूलाई पर्यटन उद्यममा समावेश गरेमा मात्र दिगो पर्यटन सम्भव हुन्छ (Mitchlle and Reid, 2001, pp. 113-39, Sheldon and Abenoja, 2001, pp. 435-443)। पर्यटनमा स्थानीय सहभागिताले पर्यटनका नीति निर्माता, पर्यटन व्यवसायी, पर्यटक र स्थानीयहरूबिचको द्वन्द्व कम गर्छ र दिगो पर्यटकीय लाभ लिन सकिन्छ (Nyaupane et al., 2006, pp. 1373-1385) । स्थानीय सहभागिताले पर्यटन सम्बन्धमा वास्तविक नीतिगत निर्णय लिन र आयआर्जन अभिवृद्धिमा सहयोग पुग्छ (Li, 2006, pp. 175-192) । यी कुराहरूलाई ध्यानमा राखेर नेपाल सरकार, स्थानीय निकाय र लुम्बिनी विकास कोषले लुम्बिनी पर्यटनमा स्थानीय सहभागिता सुनिश्चित गर्ने काम गर्दै आएको छ। स्थानीयलाई लुम्बिनी पर्यटनसँग जोड्न र आय आर्जनमा सघाउनको लागि सन् २००१ मा Tourism for Rural Poverty alleviation Programme (TRPAP) लागु गरिएको थियो। यसले पर्यटकीय वस्तु तथा सेवाहरूको उत्पादन र बिक्री वितरण गर्न स्थानीयहरूलाई सघाएको थियो (Molesworth and Boker, 2005, pp. 200-201) । लुम्बिनी गुरुयोजना सुरु भएको लामो समयसम्म पनि स्थानीयहरू लुम्बिनी पर्यटनबाट कसरी लाभ लिन सकिन्छ भन्ने कुरामा अलमल भए पनि पछिल्ला दुई दशकमा भने उनीहरू पर्यटनका विभिन्न गतिविधिमा संलग्न रहेका छन्। लुम्बिनी होटेल व्यवसायी सङ्घका अनुसार लुम्बिनी क्षेत्रमा ३०% होटेल स्थानीय समुदायका मानिसहरूले चलाएका छन् र लुम्बिनी क्षेत्रमा सञ्चालित होटेल, यातायात र टुरिस्ट गाइडमा ७०% स्थानीयहरू नै सहभागी रहेका छन्।

लुम्बिनीको पर्यटन प्रवर्धन गर्नको लागि स्थानीयहरूले बेलाबेलामा मेला महोत्सव गर्दै आएका छन्। सडक खाना महोत्सव, सडक नाटक, प्रदर्शनी, साङ्गीतिक कार्यक्रम, सरसफाइ, झाँकी प्रदर्शन, चेतनामूलक रेली, साइकल यात्रा, धम्मयात्रा जस्ता कामहरू स्थानीय सहभागितामा हुँदै आएका छन्। लुम्बिनी उद्यानभन्दा बाहिरको ग्रामीण क्षेत्रमा पर्यटकहरू घुमाउन लैजाने, चरा अवलोकन गराउने, स्थानीय सिप प्रयोग गरेर सामग्रीहरू उत्पादन गरेर

पर्यटकलाई बिक्री गर्ने जस्ता कामहरू स्थानीय समुदायले गरिरहेको छ। लुम्बिनीका स्थानीय समुदायले मनाउने चैत्र पूर्णिमा तथा बुद्ध जयन्तीले लुम्बिनीको प्रवर्धनमा मद्दत पुगेको छ।

## *स्थानीयका माग र असहमतिहरू*

लुम्बिनी गुरुयोजनाको लागि जग्गा अधिग्रहण गर्दा तत्कालीन लुम्बिनी बजार, हडहवा, मध्यनगर, कीर्तिपुर, बिचौवापुर, हरनामपुर, पर्सालगायत सिङ्गो गाउँ विस्थापित भयो। सयौँ परिवार घरबारविहीन भए। तर समिति (हालको लुम्बिनी विकास कोष) ले चलनचल्तीको मुआब्जा पनि नदिएको, हालसम्म कतिपय परिवारले मुआब्जा नपाएको भन्दै धेरै स्थानीय  विस्थापित परिवारले गुनासो गरिरहेको भेटिन्छ। युगौँदेखि आफ्ना पुर्खाले आर्जेको जग्गा, बनाएका घरबास र अन्य संरचनाहरू छोडेर हिँड्दा र नयाँ ठाउँमा गएर ती संरचना बनाउँदा कठिन भएको स्थानीय विस्थापितहरू बताउँछन् (बस्नेत, २०८१, पृ.३२) । लुम्बिनी क्षेत्रका बासिन्दाहरूले मायादेवी मन्दिर परिसरमा परम्परागत ढङ्गले पूजा गर्न नपाएको, लुम्बिनी विकास कोषमा स्थानीयले राम्रा पदहरूमा रोजगारी नपाएको, विकास कोषले आर्जन गरेको लाभ स्थानीय समुदायमा वितरण नभएको, स्थानीयलाई पर्यटनका गतिविधिमा सहयोग नगरेको, स्थानीयको कला संस्कृति र वातावरण संरक्षणलाई बेवास्ता गरेको भन्दै स्थानीय बासिन्दाहरू लुम्बिनी संरक्षण महाअभियानको नामबाट आन्दोलितसमेत भइरहेका देखिएको छ। लुम्बिनी विकास कोषमा ज्ञापन पत्र बुझाउने तालाबन्दी गर्ने, घेराउ गर्ने जस्ता कामहरू समय समयमा हुने गरेका छन् । उनीहरूको न्यायोचित मागलाई समयमै सम्बोधन गर्न नसकेमा लुम्बिनी विकासमा दूरगामी असर पर्न सक्छ।

## *निष्कर्ष*

गौतम बुद्धको जन्मस्थल लुम्बिनी अहिले विश्वभरिका बौद्धमार्गी र शान्तिप्रिय मानिसको लागि प्रमुख आस्थाको केन्द्र बनिरहेको छ। बौद्धकालदेखि अहिलेसम्म आइपुग्दा लुम्बिनीमा धेरै परिवर्तन भएका छन् र ती सबै परिवर्तन र विकासमा स्थानीय समुदायको संलग्नता रहेको छ। बुद्धले हरेक अनुयायीले जीवनकालमा एक पटक पुग्नै पर्ने स्थानको रूपमा चित्रित गर्नुभएको लुम्बिनी उद्यानको निर्माण र व्यवस्थापन कोलिय र शाक्यवंशी राजाहरूले गरेको बौद्ध ग्रन्थहरूमा उल्लेख छ। बुद्धको महापरिनिर्वाण पछि लुम्बिनी उद्यान परित्यक्त भएर त्यसको संरक्षण नभए पनि लुम्बिनी वरपर मानव बसोबास रहिरहेको थियो । ईसाको सातौँ शताब्दीसम्म आइपुग्दा त्यहाँको बस्ती पनि मासिएको कुरा विभिन्न यात्रीहरूको यात्रा विवरणले देखाउँछ। तराईमा बस्ती विकास हुँदै जाँदा ईसाको उन्नाइसौँ शताब्दीसम्म आइपुग्दा लुम्बिनी वरपर मानव बसोबास विकसित थियो र उनीहरूले हालको मायादेवी मन्दिर क्षेत्रलाई समयमाई थान वा रुमिनदेहीको नामबाट संरक्षण पूजाआजा गर्दै आएका थिए। अशोक स्तम्भको खोजी र लुम्बिनीको पहिचानपछि त्यो क्षेत्रको संरक्षणमा स्थानीय बासिन्दाहरूले नै मुख्य भूमिका खेलेका थिए। अशोक स्तम्भको उत्खननपछि लुम्बिनीको पहिचान भए पनि करिब ६ दशकसम्म राज्यले त्यहाको संरक्षण र विकासका काम गर्न सकेको थिएन। त्यस्तो अवस्थामा स्थानीयहरूले नै लुम्बिनीको संरक्षण गर्ने, लुम्बिनी भ्रमणमा आउने विभिन्न स्वदेशी, विदेशी विद्वान् तथा बौद्ध आस्थावान्हरूलाई लुम्बिनीमा आतिथ्यता प्रदान गर्ने काम स्थानीय जमिन्दार र अन्य मानिसहरूले गरेका थिए। लुम्बिनीलाई आध्यात्मिक र पर्यटकीय क्षेत्रका रूपमा विकास गर्नका लागि लुम्बिनी विकासको गुरुयोजना सरकारले ल्याउँदा त्यसको लागि त्यहाँका बासिन्दाहरूले नै आफ्नो पुर्ख्यौली जग्गा जमिन दिएर सहयोग गरेका थिए। लुम्बिनी विकास गुरुयोजनाका लागि आफ्नो जग्गा जमिन दिदा आफ्नो थातथलो गुमेको, अतिन्यून मुआब्जा पाएको र त्यो मुआब्जाले नया जग्गा जमिन जोड्न नसकेको गुनासो धेरै लुम्बिनीबासीले गरिरहेको देखिन्छ।

लुम्बिनीमा गुरुयोजना सम्पन्न हुदै गर्दा स्थानीय नागरिकले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा रोजगारी प्राप्त गरेका छन्। लुम्बिनीमा विकासका कामहरू हुँदै जाँदा यस क्षेत्रमा शिक्षा, सञ्चार, यातायात, स्वास्थ्य सेवामा वृद्धि भएको छ।

स्थानीयहरू उत्पादन र सेवामूलक कार्यमार्फत लुम्बिनी पर्यटनसँग जोडिएका छन् । लुम्बिनी पर्यटनमा स्थानीय सहभागिता वृद्धि हुँदै गएको छ र उनीहरू लुम्बिनीको पर्यटन प्रवर्धनका काममा समेत जुटिरहेका छन्। लुम्बिनी विकासमा स्थानीय समुदायको सहभागिता र लाभमा सहभागिता बढिरहेको भए पनि लुम्बिनी विकास कोष तथा सरकारसँग लुम्बिनीवासीका असन्तुष्टिहरू कायम रहेका छन् । जग्गाको मुआब्जा, रोजगारी, संस्कृति र परम्पराको निरन्तरता जस्ता मागहरू राखेर स्थानीय समुदाय बेलाबेलामा आन्दोलित समेत भइरहेका छन् । लुम्बिनी विकास गुरुयोजना क्षेत्र नजीकको बजार सेरो फेरोमा लुम्बिनी विकासका प्रत्यक्ष लाभहरू पुगेको भए पनि लुम्बिनीदेखि केही दुरीमा रहेका ग्रामिण समुदायले लुम्बिनीको अपनत्व लिन सकेको देखिँदैन । लुम्बिनी वरिपरिका समुदायहरूको गुनासो समयमै सम्बोधन गर्ने, उक्त क्षेत्रमा बौद्ध शिक्षा र आध्यात्मिकताको प्रवर्धन गर्ने र थप पर्यटकीय अवसरहरू प्रदान गर्न सकेमा लुम्बिनीको विकासमा स्थानीय समुदायको सहभागिता अझ बढ्नेछ र यसले लुम्बिनीको आध्यात्मिक र पर्यटन प्रवर्द्धनमा दिगो लाभ हासिल हुनेछ।

## *सन्दर्भ सामग्रीसूची*


बस्नेत, राजन (२०८१). *लुम्बिनीको आधुनिक इतिहास.* लुम्बिनी अनुसन्धान केन्द्र।

भिक्षु, धर्म रक्षित (ई. १९५३). *नेपाल यात्रा.* गङ्गा ग्रन्थागार।

गौतम, डा. बद्रीनारायण (ई.२०१७). 'विश्व शान्तिको मुहान लुम्बिनीः प्राचीनता र विकास.' *Historical Journal.* (Volume:12, Number:1) ।

महर्जन, बसन्त (ई. २००५). 'लुम्बिनी : ऐतिहासिक तथा पुरातात्विक अध्ययन.' बसामाई डट कम

महर्जन, बसन्त (२०७८०). 'लुम्बिनीमा सम्राट अशोकको कर!' *हिमालखबर.* (१४ चैत्र). https://www. himalkhabar. com/news/129016.

नेपाल कानुन पत्रिका २०७९). 'सर्वोच्च अदालतको निर्णय नम्बर १०८८९.' *नेपाल कानुन पत्रिका.* (भाग ६४, सङ्ख्या ६)।

पाण्डे, रामनिवास (ई. १९८५). 'भगवान बुद्धको जन्मस्थान लुम्बिनीको पुरातात्त्विक अवशेषहरू.' *नेपाली अध्ययनमा योगदान.* (खण्ड १२, सङ्ख्या ३, पृष्ठ ५१–६२)।

राहुल, सांकृत्यायन (ई. १९४९). *राहुल यात्रावली.* (भाग १). किताब महल,

शर्मा, बालचन्द्र (२०२२). *नेपालको ऐतिहासिक रूपरेखा.* वाराणसी : कृष्णकुमारी देवी

Ahmad, N. (2023). Local people's participation in cultural heritage conservation and management. In I. Siraj & K. H. Azhari (Eds.). *Handbook of research on inclusive and innovative architecture and the built environment.* (pp. 385–408). IGI Global. https://doi.org/10.4018/978-1-6684-8253-7.ch022

Bidari, B. (1996). 'Forests and trees associated with Lord Buddha'. *Ancient Nepal.* 139.

Fuharer, A. (1972). *Antiquities of the Buddha's birthplace in the Nepal Terai.* Indological Book House.

Giri, G. (2008). Sacred complex of Lumbini. Adroit Publisher.

Khadijah, U.L., Winoto, Y. & Other's, (2024). 'Community Participation in Preserving the History of Heritage Tourism Sites'. *Journal of Law and Sustainable Development.* Landon, P. (1928). Nepal Vol. I. Constable & Co.

Li, Y. (2006). 'Exploring community tourism in China: The case of Nashan Cultural Tourism Zone'. *Journal of Sustainable Tourism.* 12(3), 175–193.

Mishra, T. N. (2004). 'Evolution of Buddhism and archaeological excavations in Lumbini. Ancient Nepal' *Journal of the Department of Archaeology.* 155.

Mitchell, R. E., & Reid, D. G. (2001). 'Community integration: Island tourism in Peru'. *Annals of Tourism Research,.* 28(1), 113–139.

Molesworth, K., & Muller, U. B. (2005). 'The local impact of under-realisation of the Lumbini Master Plan: A field report'. *CNAS Journal.* 32(2).

Nyaupane, G. P., Morais, D. B., & Dowler, L. (2006). The role of community involvement and number/ type of visitors on tourism impacts: A controlled comparison of Annapurna, Nepal and Northwest Yunnan, China. Tourism Management, 27(6), 1373–1385. https:// doi.org/10. 1016/j. tourman. 2005.12.013

Rai, R., Paudel, K., Sapkota, S., & Shrestha, S. (2006). *Lumbini: Present status and future challenges.* UNESCO.

Rijal, B. (1978). Archeological Activities in Lumbini 1976-77. Ancient Nepal, 45-48, 14–22.

Sheldon, P. J., & Abenoja, T. (2001). 'Resident attitudes in a mature destination: The case of Waikiki'. *Tourism Management.* 22(5), 435–443.